**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख ६ गते**
बागलुङकी ६५ वर्षीया कोरोना सङ्क्रमित महिलाको चौथो पटकको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार धौलागिरी अञ्चल अस्पताल बागलुङको आइसोलेशन वार्डमा उपचाररत उक्त महिलाको यसभन्दा पहिले दुई पटक स्वाब परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएपनि तेस्रो र चौथौं पटकको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौंले जानकारी दिनुभएको छ ।
पछिल्लो दुई पटकको रिपोर्ट नेगेटिभ आएपछि महिलालाई डिस्चार्ज गर्ने तयारी गरिएको छ । आइसोलेशन वार्डबाट डिस्चार्ज गरिएपनि उहाँलाई केहि समय होम क्वारेण्टाइनमा राखिने धौलागिरी अञ्चल अस्पताल बागलुङका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. शैलेन्द्र वि. पोखेलले जानकारी दिनुभयो ।
ढोरपाटन नगरपालिकाले बागलुङ देखि सल्यान पुग्नको लागि पैदल यात्रा गरेर बुर्तिवाङ पुगेका १४ जना मजदुरलाई सवारी साधनको व्यवस्था गरी रूकुमको भुमे गाउँपालिका पुऱ्याइएको छ ।
बागलुङको ताराखोला गाउँपालिकामा पहिलो पटक बजार अनुगमन गरिएको छ । कोरोना भाइरसको त्रास बढेसँगै ग्रामीण बजारहरूमा खाद्य सामग्रीमा मूल्य वृद्धि गरिएको गुनासो आएपछि गाउँपालिकाले अनुगमन गरेको हो । अनुगमनको क्रममा मूल्य वृद्धि गरेको फेला नपरेपनि म्याद गुज्रेका अखाद्य वस्तु वितरण गरिएको फेला परेको गाउँपालिका प्रमुख प्रकाश घर्तीले जानकारी दिनुभयो ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्कीमा १ सय ३६ जनाको नमूना सङ्कलन गरी कोरोना परीक्षण गरिएको छ । ती मध्ये १ सय ३२ जनाको रिपोर्ट पोजेटिभ आएको छ भने चार जनाको नतिजा आउन बाँकी रहेको छ । कास्कीमा हाल सम्म २० हजार ८ सय ९७ परिवारलाई राहत वितरण गरिएको छ । जसमा मादी गाउँपालिकाले ६ सय ५२, रूपा गाउँपालिकाले ४ सय, माछापुच्छ्रे गाउँपालिकाले ६ सय २५ र पोखरा महानगरपालिकाले १९ हजार २ सय २० अति विपन्न परिवारलाई पहिलो चरणको राहत वितरण गरेका छन् । अन्नपूर्ण गाउँपालिकाले भने हाल सम्म राहत वितरण गरेको छैन ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार विदेशबाट फर्केका गोरखाको गण्डकी गाउँपालिकाको मकैसीकङ प्राथमिक स्वास्थ्य केन्द्रमा १४ जनाको र दर्बुङ स्वास्थ्य चौकीमा १५ जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।  परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय गोरखाका कोरोना फोकल पर्सन नारायण बाबु अर्यालले बताउनुभयो ।
त्यस्तै गोरखा नगरपालिकाले सडकमा रूख ढाल्ने, ढुङ्गामुढा राख्ने र बासँको भाटा प्रयोग गरी बाटो छेक्न रोक लगाएको छ । यसो गर्दा आकस्मिक कामका लागि जाने  सवारी साधानहरू समस्यामा पर्ने नगरपालिकाले जनाएको छ । सडक वा पैदलमार्गमा गरिएका यस्ता अवरोध हटाउन नगरपालिकाले आग्रह गरेको छ ।
कोरोना भाइरसको सम्भावित सङ्क्रमण रोकथाम तथा न्यूनीकरणका लागि वैशाख ७ गते पछि गोरखा नगरपालिका क्षेत्र भित्र अनाधिकृत रूपमा प्रवेश गर्नेलाई क्वारेण्टाइन स्थलमा अनिवार्य रूपमा राखिने

भएको छ । वैशाख ६ गते नगरपालिकाले सूचना जारी गरेर  अनावश्यक हिँड्डुल रोक्न यस्तो निर्णय गरेको जनाएको हो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार वैशाख ६ गते २५ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको छ । योसँगै जिल्लामा हालसम्म २ सय ५३ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट कोरोना परीक्षण गरिएको छ । परीक्षण गरिएको सबैको रिपोर्ट नेगेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो ।
वैशाख ६ गते बौदिकाली गाउँपालिकामा रहेको क्वारेण्टाइनमा थप तीन जना स्थानीयलाई राखिएको छ । हाल जिल्लाका भरीका क्वारेण्टाइनमा २६ जना रहेको चापागाईले जानकारी दिनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार वैशाख ६ गते जिल्लामा थप ८७ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट गरिएको जिल्ला अस्पताल पर्वतका प्रमुख डा. शिशिर देवकोटाले बताउनुभयो । उहाँले भारत र तेस्रो मुलकबाट आएका ३ सय ९८ जनाको कोरोना परीक्षण गरिएको जानकारी दिनुभएको छ ।
हालसम्म पर्वतमा कुल ६८ जनाको स्वाब परीक्षण गरिएको छ भने ३ सय ३० जनाको आरडीटी किट मार्फत परीक्षण गरिएको छ । परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ देखिएको अस्पतालले जनाएको छ । जिल्लाका विभिन्न स्थानमा बनाइएका आइसोलेशनबाट २० जना डिस्चार्ज भइसकेका छन् ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख ६ गते कसैको पनि र्‍यापिड डाइगनोष्टिक टेष्ट गरिएको छैन ।
तनहुँ जिल्लामा जिल्ला बाहेक बाहिर उत्पादित तरकारीको आयातमा प्रतिबन्ध लगाइने भएको छ । व्यास नगरपालिकाको समन्वयमा कोरोना रोकथाम, नियन्त्रण र उपचार जिल्ला स्तरीय समन्वय समिति सहितको बैठकमा मित्र राष्ट्र भारत र चीन सहित नेपालकै अन्य बाहिरी जिल्लाबाट तरकारी र फलफुलको आयातमा पूर्ण प्रतिबन्ध लगाउने निर्णय भएको व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिनेशराज पन्तले बताउनुभयो ।
तरकारी र फलफुलको माध्यमबाट पनि कारोना भाइरस भित्रिने सम्भावना रहेको हुँदा ती वस्तुको आयातमा प्रतिबन्ध लगाइने निर्णय भएको उहाँले बताउनुभयो । वैशाख १ गते देखि अत्यावश्यक सामग्रीको उपलब्धताकोलागि बिहान ७ बजे देखि १० बजेसम्म पसल खुल्ला गरिएको उक्त समयमा भिड व्यवस्थित नभएको हुँदा अबदेखि घरको १ जना मात्र उपस्थित भएर सामान खरिद गर्न पाउने निर्णय भएको छ ।
यसअघि सम्झौता भइसकेका सार्वजानिक निर्माण कार्यलाई जिल्लामा नै उपलब्ध निर्माण सामग्री र स्थानीय कामदारको प्रयोग गरी सामाजिक दुरी कायम गर्दै स्थानीयतहको समन्वयमा काम सुचारू गर्ने निर्णय पनि भएको पन्तले जानकारी दिनुभयो ।
बैठकमा विभिन्न स्थानीयतहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी एवंम सुरक्षा निकायका प्रमुखहरू, स्वास्थ्य कार्यालयका प्रमुख, अस्पतालका प्रमुखहरू, पत्रकार महासङ्घ, उद्योग वाणिज्य सङघ एवंम तरकारी र फलफुल व्यवसायी सङ्घका प्रतिनिधिहरूको उपस्थिती रहेको थियो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार वैशाख ६ गते आठ जनाको र्‍यापीड टेष्ट गरिएको छ । अहिले सम्म म्याग्दी जिल्लामा १ सय ४६ जनाको र्‍यापीड टेष्ट गरिएको छ भने सबैको रिपोर्ट नेगेटिभ आएको बेनी अस्पतालका ल्याब टेक्निसियन ध्रुव गिरीले बताउनुभयो ।
वैशाख ६ गते सम्म रघुगंगा गाउँपालिकाको क्वारेण्टाइनमा पाचँ जना र धौलागिरी गाउँपालिकाको क्वारेण्टाइनमा एक जना रहेका छन् ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख ६ गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ११ जनाले सेवा लिएका छन् । क्व्होलासोथारगा गाउँपालिकाको क्वारेण्टाइनमा थप आठजनालाई राखिएको छ भने बेसिशहर नगरपालिकामा रहेको क्वारेण्टाइनबाट चार जना घर फर्केका छन् । हालसम्म जिल्लामा १ सय ६२ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**